मिति: २०८२/१०/२३ (शुक्रबार)

स्थान: बेसीशहर नगरपालिकाको सभाहल

बैठक संख्या: ७० औं

समय : विहानः ११.०० बजे।

बेसीशहर नगरपालिका, नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ७० औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

**उपस्थिति:**

| क्र सं | पद | | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | नगर प्रमुख | गुमानसिंह अर्याल | |
| २ | उपाध्यक्ष | नगर उपप्रमुख | पद्मा गुरुङ | |
| ३ | सचिव | प्रमुख प्रशासकीय अधिकृत | सुमन अधिकारी | |
| ४ | सदस्य | वडाध्यक्ष (वडा नं.१) | दुर्गा बहादुर बुढाथोकी | |
| ५ | सदस्य | वडाध्यक्ष (वडा नं.२) | मदन बहादुर राना | |
| ६ | सदस्य | वडाध्यक्ष (वडा नं.३) | चित्र बहादुर दनाई | |
| ७ | सदस्य | वडाध्यक्ष (वडा नं.४) | गम बहादुर गुरुङ | |
| ८ | सदस्य | वडाध्यक्ष (वडा नं.५) | इन्द्र बहादुर गुरुङ | |
| ९ | सदस्य | वडाध्यक्ष (वडा नं.६) | प्रकाश थापा | |
| १० | सदस्य | वडाध्यक्ष (वडा नं.७) | ऋषिराम बस्नेत | |
| ११ | सदस्य | वडाध्यक्ष (वडा नं.८) | पवित्रा थापा राना | |
| १२ | सदस्य | वडाध्यक्ष (वडा नं.९) | खुशीजङ गुरुङ | |
| १३ | सदस्य | वडाध्यक्ष (वडा नं.१०) | गंगा बहादुर थापा | |
| १४ | सदस्य | वडाध्यक्ष (वडा नं.११) | शिव प्रसाद जोशी | |
| १५ | सदस्य | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | |
| १६ | सदस्य | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | |
| १७ | सदस्य | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | |
| १८ | सदस्य | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | |
| १९ | सदस्य | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | |
| २० | सदस्य | कार्यपालिका सदस्य | सुकमाया घर्ती | |
| २१ | सदस्य | कार्यपालिका सदस्य | मनिता परियार | |
| **सहजकर्ता कर्मचारी** | | | | |
| १ | कार्यक्रम अधिकृत | | मेघेन्द्र पोखरेल | |
| २ | प्रशासकीय अधिकृत | | दिपेश अधिकारी | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/१०/२३ को बैठक

बेसीशहर नगर कार्यपालिकाको कार्यालय
लमजुङ, गण्डकी प्रदेश, नेपाल

## नगर कार्यपालिकाको मिति २०८२/१०/२३ गतेको बैठकका प्रस्तावहरु

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा ।

२. सडक बोर्डतर्फको कार्यक्रम सम्बन्धमा ।

३. लागत साझेदारीमा सडक कालोपत्रे तर्फको कार्यक्रम सम्बन्धमा ।

४. सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन सम्बन्धमा ।

५. सीप विकास कार्यक्रमको सम्बन्धमा ।

६. नवप्रवर्तन साझेदारी परियोजनाको सम्बन्धमा ।

७. आयोजना/कार्यक्रम परिमार्जन सम्बन्धमा ।

८. फुटकर कार्यक्रम/आयोजना सम्बन्धमा ।

९. कानून तर्जुमा सम्बन्धमा ।

- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्ने सम्बन्धी विधेयक
- विज्ञापन व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्ने सम्बन्धी विधेयक
- सार्वजनिक खरिद सम्बन्धी नियमावली

१०. विविध

- राजश्वसंग सम्वन्धित विषयका सम्बन्धमा ।
- राष्ट्रिय रोजगार कार्यक्रमको सम्बन्धमा ।
- प्रविधिमैत्री शिक्षण सिकाई क्रियाकलापको कार्यान्वयन सम्बन्धमा ।
- गरीवसंग विश्वेश्वर कार्यक्रमतर्फको आयोजना/कार्यक्रम सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१ : अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा।**

मिति २०८२/०९/२८ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा समिक्षा गरियो।

**निर्णय नं.२ : सडक बोर्डतर्फको कार्यक्रम सम्बन्धमा ।**

सडक बोर्ड नेपाल मिनभवन, काठमाण्डौको च.नं.६७८, मिति २०८२/०९/२८ को प्राप्त पत्रानुसार यस बेसीशहर नगरपालिकाको लागि चालु आर्थिक वर्ष २०८२/८३ मा सडक मर्मत सम्भार गर्न सडक बोर्डबाट रु. ३२,००,०००/- (अक्षरुपी बत्तीस लाख मात्र) बजेट स्वीकृत गरी पठाइएको जानकारी प्राप्त भएको हुँदा सडक बोर्ड नियमावली २०६० को नियम ९ तथा उल्लेखित मार्गदर्शन वमोजिम प्राप्त बजेट रु. ३२,००,०००/- लाई ७० प्रतिशत मानी नगरपालिकाबाट समपुरक कोष वापत ३० प्रतिशतले हुन आउने रकम रु. १३,७१,५००/-(तेह्र लाख एकहत्तर हजार पाँचसय मात्र) चालु आ.व.को स्वीकृत कार्यक्रम अन्तर्गत सडक बोर्ड समपुरक कोष शिर्षकको खर्च

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/१०/२३ को बैठक

संकेत नं ३११५१ मा विनियोजित बजेट रु. ३०,००,०००/- (तीस लाख मात्र) मध्येबाट व्यहोर्ने गरी देहायको सडक आयोजना छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

देहाय:

रिठ्ठेबगर-भकुण्डे-तिलाहार सडक मर्मत सुधार, बेसीशहर नगरपालिका-११

## निर्णय नं.३ : लागत साझेदारीमा सडक कालोपत्रे तर्फको कार्यक्रम सम्बन्धमा ।

विगत वर्षहरुदेखि सञ्चालन गरिदै आएको नगरपालिकाको ६० र स्थानीय उपभोक्ताको ४० प्रतिशत लागत साझेदारीमा बेसीशहर नगरपालिकाको बजार/आवासीय क्षेत्रहरुमा सडक ढलान तथा कालोपत्रे गर्ने कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्ष २०८२/८३ मा पनि बजेट विनियोजन भएको र यस सम्बन्धमा मिति २०८२/०९/२८ को कार्यपालिका बैठकको निर्णय नं १६ समेतका आधारमा निवेदन पेश भएको देहायको आयोजना छनौट गरी प्रक्रिया वमोजिम कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

देहाय:

**आयोजनाको नाम र ठेगाना:** शान्ति मार्ग स्तरोन्नति, बेसीशहर नपा-७, सिउरुङ टोल

**कुल लागत:** रु.८,७६,०७३/- (आठ लाख छयहत्तर हजार उनासी मात्र)

**नगरपालिकाले व्यहोर्ने रकम (कन्टिन्जेन्सी सहित):** रु. ५,३४,१९५/-( पाँच लाख चौतीस हजार एक सय पन्चान्नब्बे मात्र)

**स्थानीय समुदायले व्यहोर्ने रकम:** रु.३,४१,८८४/- (तीन लाख एकचालीस हजार आठ सय चौरासी मात्र)

## निर्णय नं.४ : सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन सम्बन्धमा ।

मिति २०८२/०९/३० का दिन बेसीशहर नगरपालिका वडा नं ६ स्थित श्री गंगामिलन माविको सभाहलमा आयोजना गरिएको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन यस कार्यपालिका बैठकमा प्रस्तुत भई समिक्षा भयो साथै उक्त सार्वजनिक सुनुवाईको दिन सेवाग्राही/नागरिकहरुबाट प्राप्त भएका सुझावहरुलाई मनन् गरी आगामी दिनमा सुधार गर्दै लैजाने निर्णय गरियो ।

## निर्णय नं.५ : सीप विकास कार्यक्रमको सम्बन्धमा ।

चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तर्गत गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम, महिलासंग उपमेयर कार्यक्रम र युवा सीपमूलक तालिम सञ्चालन कार्यक्रमतर्फका लामो अवधिका तालिमहरु सञ्चालनको सन्दर्भमा निर्वाचन आचार संहिता समेत पालना गर्दै मुख्य निर्वाचन अधिकृतको कार्यालयसंग समेत समन्वय गरी तालिम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था मिलाउने कार्यको लागि मिति २०८२/०८/२४ को कार्यपालिका बैठकको निर्णय नं ४ वमोजिम गठित समितिलाई नै जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

## निर्णय नं ६: नवप्रवर्तन साझेदारी परियोजना सम्बन्धमा ।

गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम पोखराबाट मिति २०८२/०६/२८ मा प्रकाशित नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनका लागि अवधारणापत्र पेश गर्ने सम्बन्धी सूचना अनुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको "नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२" वमोजिम यस यस बेसीशहर नगरपालिकाबाट उद्यमशिलता/स्थानीय आर्थिक विकास क्षेत्र अन्तर्गत "मौरीजन्य उत्पादनमा नवप्रवर्तन तथा उद्यमशिलता प्रवर्द्धन परियोजना" प्रस्ताव पेश भएकोमा उक्त परियोजना प्रस्ताव स्वीकृत भई परियोजना कार्यान्वयन प्रक्रिया अगाडि बढाउने क्रममा गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र बेसीशहर नगरपालिका विच भएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/१०/२३ को बैठक

निर्णय नं ७: आयोजना/कार्यक्रम परिमार्जन सम्बन्धमा ।

चालु आ.व. २०८२/८३ का लागि स्वीकृत भएका देहाय वमोजिमका नगरस्तनरीय/वडास्तरीय आयोजना तथा कार्यक्रमलाई देहाय वमोजिम परिमार्जन/स्पष्ट पारी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १.ज्येष्ठ नागरिक सम्मान कार्यक्रम, बेनपा-७ खर्च संकेत नं २२५२२ | १ लाख | १.ज्येष्ठ नागरिक विश्रामस्थल निर्माण, बेनपा-७ | १ लाख | ७ नं वडा कार्यालयको च.नं. ७९२, मिति २०८२/१०/१९ को पत्र समेतका आधारमा । |
| २.फुटकर योजना तथा कार्यक्रम, बेनपा-७ खर्च संकेत नं २२७११ | ४ लाख ५२ हजार | २.छैठौं नगरकप २०८२ मा खेलाडी टीम र सहभागी व्यवस्थापन खर्च | ३५ हजार | |
| ३. नाला मर्मत, सरसफाई र सडक बत्ति व्यवस्थापन, बेनपा-७ खर्च संकेत नं २२७११ | ५ लाख | ३.सडक बत्ति व्यवस्थापन, बेनपा-७ | २ लाख ५० हजार | |
| ४. खेलकुँद कार्यक्रम सञ्चालन बेनपा-११, खर्च संकेत नं २२५२२ | १ लाख ७५ हजार | ४. समाजसेवा युवा क्लव माघि मेला कार्यक्रम, बेनपा | १ लाख | ११ नं वडा कार्यालयको च.नं. ८४०, मिति २०८२/०९/२५ को पत्र समेतका आधारमा |
| ५.१ बालमन्दिर घेराबार निर्माण बेनपा-७, (नगरस्तरीय) खर्च संकेत नं ३११११३ | ३ लाख | ५. लक्ष्मी बालमन्दिर पूर्वाधार मर्मत सुधार बेनपा-७, | ४ लाख | श्री लक्ष्मी बालमन्दिर विद्यालयको च.नं. २९ मिति २०८२/१०/१५ को पत्रानुसार |
| ५.२ श्री लक्ष्मी बालमन्दिर आधारभूत विद्यालय मर्मत सुधार, (८ नं वडास्तरीय/ २०८२/०९/२८ को कापा बैठकको निर्णयानुसार) | १ लाख | | | |
| ६.वडाको लागि ल्यापटप खरिद, बेनपा-२ खर्च संकेत नं ३११२२ | १ लाख ५ हजार | ६.देउराली-कौसिरी-चिप्लेटीखोला गोरेटो बाटो निर्माण, बेनपा-२ (राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमतर्फ) | १ लाख ५ हजार | २ नं वडा कार्यालयको च.नं. ९३५ मिति २०८२/१०/२१ को पत्रानुसार |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/१०/२३ को बैठक

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| ७. विद्यालय र वडाका मुख्य स्थानमा सिसि टि.भि. जडान, बेनपा-२, खर्च संकेत नं ३११५३ | १ लाख | ७.निर बहादुरको घर डाँडागाउँदेखि साठीकुना गोरेटो बाटो निर्माण, बेनपा-२ | १ लाख | |
| ८.वोहराबेसी सामुदायिक भवन निर्माण, बेनपा-२, खर्च संकेत नं ३१११२ (नगरस्तरीय) | ५ लाख | ८.गाउँ जागृति आमा समूह भवनको जग्गा संरक्षण/वाल निर्माण | ५ लाख | |
| ९.विविध फुटकर कार्यक्रम, बेनपा-२, खर्च संकेत नं २२७११ | २ लाख ११ हजार | ९. चिसापानी आमा समूह भवन फर्निचर सहयोग, बेनपा-२ | २० हजार | |
| १०.तल्लो पँधेरो मर्मत, बेनपा-११, खर्च संकेत नं ३११५६ | ५० हजार | १०.कोल्डाँडा बस्नेतगाउँ गो.वा. मर्मत((राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमतर्फ) | ५० हजार | ११ नं वडा कार्यालयको च.नं. १०११ मिति २०८२/१०/२३ को पत्रानुसार |
| ११.१ खेलकुँद कार्यक्रम सञ्चालन बेनपा-११, खर्च संकेत नं २२५२२ | १ लाख ७५ हजार | ११.रिठ्ठेबगर बुढीकुवा सडक तथा नाला मर्मत र सरसफाई बेनपा-११, | ७५ हजार | |
| ११.२ प्रतापशाली प्रतिक्षालय, बेनपा-११, खर्च संकेत नं ३११५९ | ७५ हजार | | ७५ हजार | |
| १२.रामचोक जाने सडकबाट सिलवाल गाउँ जाने गो.वा बेनपा-११, खर्च संकेत नं ३११५१ | ५० हजार | १२.लौडारी पँधेरा मर्मत तथा गो.बा. मर्मत, बेनपा-११ | ५० हजार | |
| १३.नाङ्गेपाखा भकुण्डे जाने गो.वा. निर्माण, बेनपा-११, खर्च संकेत नं ३११५१ | १ लाख | १३१.कट्टिनरले सिंचाई कुलो निर्माण, बेनपा-११ | ३० हजार | |
| | | १३.२शिवालय मन्दिर थापानी, बेनपा-११ | ३३ हजार | |
| | | १३.३वडा कार्यालय माथिको नाला सरसफाई, बेनपा-११ | १० हजार | |
| | | १३.४ शंकर तिवारीको नमुना भकारो निर्माण, बनेपा- | २७ हजार | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/१०/२३ को बैठक

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| | | ११ | | |
| १४. विविध, बेनपा-११ खर्च संकेत नं २२७११ | ३ लाख ४७ हजार | १४.१सार्कीगाउँ जाने गो.वा.मर्मत, बेनपा-११ | ३० हजार | |
| | | १४.२पप्लेकुवा भवन मर्मत, बेनपा-११ | ३० हजार | |
| | | १४.३सडक बत्ति महशुल भुक्तानी, | २५ हजार | |
| | | १४.४ तिलाहार बजार फोहर व्यवस्थापक पारिश्रमिक, बेनपा-११ | २४ हजार | |
| | | १४.५सन्तानेश्वर महिला समुह थापाडाँडा सामान खरिद | २५ हजार | |
| १५. विविध मागमा आधारित योजना तथा कार्यक्रम, बेनपा-१०, खर्च संकेत नं २२७११ | ५ लाख ७३ हजार | १५.१ साँधु मोटरबाटो स्तरोन्नति, बेनपा-१० | ५० हजार | १० नं वडा कार्यालयको च.नं. ८०१, मिति २०८२/१०/२१ को पत्रानुसार |
| | | १५.२ पाङ्ग्रेक्यु गोरेटो बाटो निर्माण, बेनपा-१० | १ लाख | |
| | | डाँडागाउँ मोटरबाटो रोन्नति, बेनपा-१० | १ लाख | |

<u>निर्णय नं ८: फुटकर आयोजना तथा कार्यक्रम छनौट/अनुमोदन सम्बन्धमा ।</u>

समुदाय/टोल/बस्तीस्तरमा समस्या भई अति आवश्यक परेका/पर्ने तर बार्षिक कार्यक्रम/बजेट बनाउँदाका वखत समेटिन नसकेका आयोजना तथा कार्यक्रमहरुमा आवश्यक वजेट विनियोजन हुन विभिन्न समुदाय/समूह/संस्थाबाट नगरप्रमुख समक्ष माग निवेदन पत्र पेश भई नगरप्रमुखबाट तोकादेश भएका देहायका आयोजना/कार्यक्रम अनुमोदन गर्ने निर्णय गरियो ।

<u>देहाय:</u>

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/१०/२३ को बैठक

| अनुमोदित आयोजना/कार्यक्रम | बजेट विनियोजित शिर्षक | खर्च शिर्षक नं | विनियोजित बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १.तमु ल्होसार सम्मान तथा विविध सांस्कृतिक कार्यक्रम (तमु ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद बेसीशहर इकाई | सांस्कृतिक तथा पर्व महोत्सव सम्बन्धी विभिन्न कार्यक्रम | २२५२९ | १०००००/- (एक लाख ) | तमु ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद बेसीशहर इकाईको च.नं. १०५ मिति २०८२/०८/२९ को पत्र समेतका आधारमा |
| २. लमजुङ कालिका युवा क्लव सडक बत्ति व्यवस्थापन बेनपा-३ | विधुत सम्बन्धी फुटकर कार्यक्रम | ३११५३ | ५००००/- (पचास हजार) | उक्त क्लवको च.नं. ०४ मिति २०८२/०९/२४ को पत्र समेतका आधारमा |
| ३.लमजुङ महोत्सव २०८२ सञ्चालन सहयोग | सांस्कृतिक तथा पर्व महोत्सव सम्बन्धी विभिन्न कार्यक्रम | २२५२९ | १,५०,०००/- (एक लाख पचास हजार) | लमजुङ उ.वा संघको च.नं. ४७, मिति २०८२/०९/०६ को पत्र समेतका आधारमा |
| ४. माघी मेला फुटवल प्रतियोगिता सञ्चालन सहयोग, बेनपा-११/समाज सेवा युवा क्लव | खेलकुँद प्रवर्द्धन सम्बन्धी फुटकर कार्यक्रम, | २२५२९ | ५००००/- (पचास हजार) | समाजसेवा युवा क्लवको मिति २०८२/०९/२४ को पत्र समेतका आधारमा |

**निर्णय नं ९: कानुन तर्जुमा सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको देहाय वमोजिमका कानूनहरु निर्माण गर्नुपर्ने भएकोले मस्यौदा तयार गरी अघि बढाउन स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

देहायः

क. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्ने सम्बन्धी विधेयक

ख. विज्ञापन व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्ने सम्बन्धी विधेयक

ग. सार्वजनिक खरिद सम्बन्धी नियमावली

**निर्णय नं १०: राजश्वसंग सम्बन्धित विषयका सम्बन्धमा ।**

(क) चालु आर्थिक वर्ष २०८२/८३ मा नदिजन्य पदार्थ (ढुंगा,गिटी, बालुवा) को उत्खनन्, संकलन र बिक्रीको लागि तेश्रो पटक सुचना प्रकाशन गर्दा समेत दरभाउ पत्र पेश हुन नआएकोले ठेक्का सम्झौता/बन्दोबस्ती हुन नसकेका विभिन्न घाटहरुमा रहेको नदिजन्य पदार्थ त्यसै खेर जाने तथा आगामी वर्षायाममा बगेर जाने हुँदा राजश्वमा संकलन लक्ष्यमा समेत बाधा पुगेको तथा नगरपालिकाको राजश्व बृद्धिको लागि अधिकतम् प्रयास गर्ने क्रममा देहायका घाटहरुमा नदिजन्य पदार्थ उत्खनन्,संकलन र विक्रीको लागि देहाय अनुसार गरिएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

देहाय

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/१०/२३ को बैठक

| ठेक्का नं | ठेगाना | आइ. ई. ई. प्रतिवेदन अनुसारको न्यूनतम अंक रु. | सम्झौता गरिएको अंक रु. (मु.अ. कर र अग्रिम आय कर बाहेक) | सम्झौता गरिएको फर्मको विवरण |
|---|---|---|---|---|
| Besishaharmun/Revenue/SQ/ 082/83/11, | बेनपा-१० भोटेफाँट खण्ड | २,९०,०००/- (दुई लाख नब्बे हजार) | ३,१८,५८०/- (तीन लाख अठार हजार पाँच सय असी) | श्री सन्तोष निर्माण सेवा, बेसीशहर नगरपालिका ८, |
| Besishaharmun/Revenue/SQ/ 082/83/15, | बेनपा-२ बोहोराबेसी मुनिको खण्ड | १,६०,०००/- (एक लाख साठी हजार) | १,७२,५००/- (एक लाख बहत्तर हजार पाँच सय) | श्री थिङ्ग कन्स्ट्रक्शन, बेसीशहर नगरपालिका १०, |

(ख) बेसीशहर नगरपालिका वडा नं. १ र २ अन्तर्गत पर्ने गाईखुरे झरना अगाडि र सो स्थानबाट माथिल्लो भागमा पर्ने घाटहरुमा जाने वाटो निजी जग्गा भएर जानुपर्ने र उक्त निजी जग्गा मर्स्याङदी नदीको किनारासम्म जोडिएकोले नीजि जग्गाबाट घाटसम्मको पहुँचमार्ग निर्माण गर्नको लागि सम्बन्धित जग्गाधनीले अन्यत्रबाट माटो/ढुंगा/ग्राभेल ल्याइ मिलाउन खोजेकोले अनुमति पाउँ भनि गोविन्द बस्नेतबाट निवदेन प्राप्त भएको सन्दर्भमा प्राविधिक नापजाँच गरी सो वमोजिम हुन आउने राजश्व दस्तुर प्रदेश आर्थिक ऐन, २०८२ अनुसार नगरपालिकामा दाखिला भए पश्चात उक्त माटो/ढुंगा/ग्राभेल ओसारपसार गरी बाटो निर्माण गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

(ग) बेसीशहर नगरपालिका वडा नं ६ स्थित खरखरे भिरमा सडक डिभिजन कार्यालयद्वारा सडक स्तरोन्नति गर्ने कार्य भैरहेको र सो क्रममा सडकमुनि मर्स्याङ्दी नदि किनारमा थुप्रिन गएको ढुंगा, ग्राभेल संकलन गरी विक्री गर्दा नगरपालिकाको राजश्व आम्दानी हुने भएकाले उक्त सामाग्री विक्रीका लागि सम्बन्धित फर्म/कम्पनी /व्यक्तिहरुबाट ७ (सात) दिनको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं ११: राष्ट्रिय रोजगार कार्यक्रमको सम्बन्धमा ।**

राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमतर्फ चालु आर्थिक वर्ष २०८२/८३ को आयोजना छनौट सम्बन्धमा चालु आर्थिक वर्षमा आयोजना कार्यान्वयनको लागि छनौट भएका वडाहरुबाट देहायका आयोजनाहरु प्राप्त भएको हुँदा चालु आ.व.को सशर्ततर्फ खर्च शिर्षक नं २६३३२ आन्तरिक रोजगारी सिर्जना/प्रवर्द्धनका क्रियाकलाप कार्यक्रमतर्फ प्राप्त रु. ५,२४,०००/- (पाँच लाख चौविस हजार) र नगरपालिकाबाट साझेदारीको लागि विनियोजित रु. ६,००,०००/- (छ लाख) गरी जम्मा रु. ११,२४,०००/- (एघार लाख चौविस हजार) बजेट उपलब्ध भएको हुँदा प्रति आयोजना रु. २,२४,८००/- (दुई लाख चौविस हजार आठ सय) का दरले बजेट विनियोजन गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**देहाय:**

(क) देउराली कौसिरी चिप्लेटीखोला गोरेटोबाटो निर्माण आयोजना, बेसीशहर नगरपालिका-२

(ख) छघर गोरेटोबाटो स्तरोन्नति आयोजना, बेसीशहर नगरपालिका-६

(ग) महिन्द्रको घरदेखि टाँडी विसौना हुँदै पोखरीटोलसम्म गोरेटोबाटो स्तरोन्नति, बेसीशहर नगरपालिका-९

(घ) सिरुवारी मोटरबाटो स्तरोन्नति आयोजना, बेसीशहर नगरपालिका-१०

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/१०/२३ को बैठक

(ङ) कोल्डाँडा बस्नेतगाउँ गोरेटोबाटो निर्माण आयोजना, बेसीशहर नगरपालिका-११

**निर्णय नं १२: प्रविधिमैत्री शिक्षण सिकाई क्रियाकलापको कार्यान्वयन सम्बन्धमा ।**

चालु आर्थिक वर्ष २०८२/८३ को संघीय विशेष अनुदानतर्फको प्रविधिमैत्री शिक्षण सिकाई तथा अनुगमन कार्यक्रम अन्तर्गत खरिद गरिएको स्मार्टबोर्ड, प्रोजेक्टर र ल्यापटप देहायका विद्यालयहरुलाई देहायको अनुसार उपलब्ध गराउने निर्णय गरियो ।

देहाय:

| क्र. सं. | विद्यालयको नाम र ठेगाना | सञ्चालित कक्षा | ८ ९ र १० कक्षा संख्या | स्मार्टबोर्ड कुल:१८ | प्रोजेक्टर कुल:२९ | ल्यापटप कुल:३० |
|---|---|---|---|---|---|---|
| १ | श्री जनविकास मा.वि. बेसीशहर ७, | इ.सि.डि.-१२ | ८ | ३ | २ | २ |
| २ | श्री जनकल्याण मा.वि., उदिपुर | इ.सि.डि.-१२ | ३ | १ | २ | २ |
| ३ | श्री जनकल्याण मा.वि. चिति | इ.सि.डि.-१२ | ४ | १ | २ | २ |
| ४ | श्री वालकल्याण मा.वि. भकुण्डे | इ.सि.डि.-१२ | ३ | १ | २ | २ |
| ५ | श्री जनविकास मा.वि, चण्डीडाँडा | इ.सि.डि.-१२ | ३ | १ | २ | २ |
| ६ | श्री जनजागृति मा.वि, खासुरबेसी | इ.सि.डि.-१० | ३ | १ | २ | २ |
| ७ | श्री वालविकास मा.वि,रामचोक | इ.सि.डि.-१० | ३ | १ | २ | २ |
| ८ | श्री लोकराज आदर्श मा.वि, कार्कीडाँडा | इ.सि.डि.-१० | ३ | १ | २ | २ |
| ९ | श्री लमजुङ मा.वि, गाउँशहर | इ.सि.डि.-१० | ३ | १ | २ | २ |
| १० | श्री गंगामिलन मा.वि, मकैडाँडा | इ.सि.डि.-१० | ३ | १ | २ | २ |
| ११ | श्री अन्नपूर्ण मा.वि, नाल्मा | इ.सि.डि.-१० | ३ | १ | २ | २ |
| १२ | श्री कालिकामिलन मा.वि, चिसापानी | इ.सि.डि.-१० | ३ | १ | २ | २ |
| १३ | श्री यशोब्रम्ह मा.वि, बाहुनबेसी | इ.सि.डि.-१० | ३ | १ | २ | २ |
| १४ | श्री सेवासदन मा.वि, पुरानकोट | इ.सि.डि.-१० | ३ | १ | २ | २ |
| १५ | श्री जनजागृति आ.वि, बरबोट | इ.सि.डि.-८ | १ | १ | ० | १ |
| १६ | श्री चन्द्रज्योति आ.वि, विम्दाबेसी | इ.सि.डि.-८ | १ | ० | १ | १ |
| १७ | शिक्षा युवा तथा खेलकुद शाखा | | ० | १ | ० | ० |
| | | जम्मा | ५० | १८ | २९ | ३० |

**निर्णय नं १३: गरीवसंग विश्वेश्वर कार्यक्रमतर्फको आयोजना/कार्यक्रम सम्बन्धमा ।**

चालु आर्थिक वर्ष २०८२/८३ मा गरीबसंग विश्वेश्वर कार्यक्रम अन्तर्गत सशर्ततर्फ खर्च शिर्षक नं २६३३२ मा कार्यक्रम लागु भएका स्थानीय तहमा कार्यक्रम सञ्चालन खर्चको लागि प्राप्त भएको बजेटमध्येबाट बेसीशहर नगरपालिका वडा नं १० मा देहायका आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

देहाय:

(क) खरखरे जुडीखेत गोरेटो बाटो निर्माण, बेनपा-१०, रु. १,००,०००/- (एक लाख)

(ख) सितामाई आमा समूह मिल घर संरक्षण, बेनपा-१०, रु. ५०,०००/- (पचास हजार)

गुमान सिंह अर्याल
नगर प्रमुख